# सोलुदुधकुण्ड नगरपालिका

ཨཱ།སོད་རོང་འོ་མའི་མཚོའི་གྲོང་རྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

# नगर कार्यपालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु

१ नं. प्रदेश, नेपाल


मिति : २०७८/१२/१०

विषय: प्रशिक्षक आवेदन माग सम्बन्धी सूचना।

सोलुदुधकुण्ड नगर कार्यपालिकाको कार्यालयद्वारा सञ्चालित गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत निम्न विषयहरूको सीप विकास तालिमको लागि प्रशिक्षक आवश्यक भएको हुनाले योग्यता पुगेका संघ संस्था एवं नेपाली नगारिकहरुबाट निवेदन माग गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र तपशिलको बमोजिम कागजात सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ।

**(१) न्यूनतम योग्यता**

**(क) संस्थाको हकमा**

१) निवेदन,

२) सम्बन्धित सीपको प्रचलित कानून बमोजिम दर्ता भई सो को प्रमाण-पत्र को चालु आ.ब. मा नवीकरण भएको र गत आ.व. /चालु आ.ब.को कर चुक्ता प्रमाण-पत्र तथा PAN मा दर्ता भएको,

३) प्रशिक्षकको हकमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट सीप परीक्षण भई उत्तीर्ण गरेको प्रमाण-पत्र वा मान्यता प्राप्त निकायबाट सम्बन्धित सीपको प्रमाण-पत्र भएको।

**(ख) व्यक्तिको हकमा**

१) निवेदन,

२) नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपी र पासपोर्ट साईजको फोटो १ प्रति,

३) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट सम्बन्धित विषयमा सीप परीक्षण उत्तीर्ण गरेको प्रमाण-पत्रको प्रतिलिपी वा मान्यता प्राप्त निकायबाट सम्बन्धित सीपको प्रमाण-पत्रको प्रतिलिपी।

**(ग) सीपको विवरण**

| क्रम | तालिमको नाम | तालिम स्थान | अवधि |
|---|---|---|---|
| १ | सिलाईकटाई | ३ नं.वडा, तामाखानी | ३९० घण्टा (६५ दिन) |
| २ | तरकारी खेती | ३ नं.वडा, तामाखानी | ७ दिन |
| ३ | बाख्रा पालन | ३ नं.वडा, तामाखानी | ७ दिन |
| ४ | हातेहोजियारी (प्रविधि) | ८ नं.वडा, आङपाङ | १८० घण्टा (३० दिन) |
| ५ | ड्राइभिङ | न.पा.को कार्यालयको आसपास | ३० कार्य दिन |

**नोट:** ड्राइभिङको हकमा सम्बन्धित संघ, संस्था प्रशिक्षकले २ वटा गाडीको व्यवस्था गर्नुपर्नेछ भने ड्राईभिङको सीप सिक्ने स्थान यस ना.पा.को नजिकको स्थानमा हुनु पर्नेछ साथै यस तालिमको लागि प्रतिव्यक्ति शुल्क समेत निवेदनमा उल्लेख गर्नुपर्नेछ अन्य सीपको हकमा प्रशिक्षकलाई प्रचलित नियम बमोजिम पारिश्रमिक यस कार्यालयबाट उपलब्ध गराईनेछ।

**सम्पर्कको लागि:** उद्यम विकास सहजकर्ता, भविसरा बुढा, मोबाईल ; ९८४३७९६८४८

२०७८/१२/१०

शाखा अधिकृत